**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १६ अप्रेल २०२४

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

१. प्रधानमंत्री तथा भारतीय जनता पार्टीको वरिष्ठ नेता नरेन्द्र मोदीले पश्चिम बंगालमा सत्तारूढ़ तृणमूल कांग्रेस माथी दलितहरु अनि आदिवासी महिलाहरु माथी अत्याचार गरेको आरोप लगाउनुभयो|

२. मुख्यमंत्री ममता बनर्जीले दार्जिलिंग लोकसभा क्षेत्रको तृणमूल प्रार्थी गोपाल लामाको समर्थनमा आज सिलगढीमा पदयात्रा गर्नु भयो।

३. रामनवमीको शुभअवसरमा भोली दार्जीलिङ पहाड़, तराई , समतल र डुर्वसका विभिन्न स्थानहरूमा भव्य रूपमा शोभायात्राहरू अनि पूजा अर्चना गरिनेछ।

४. संघ लोक सेवा आय़ोग (यूपीएससी) ले आज सिविल सेवा परीक्षा वर्ष २०२३ को अन्तिम परिणाम घोषित गरेको छ। यसैबीच दार्जीलिंग निवासी जयश्री प्रधान न्है परीक्षामा ५२ औ स्थानमा उतीर्ण गर्न सफल भएकी छिन्।

५. गोरामुमो अध्यक्ष मन घिसिङले सोनादामा भाजपा उमेद्वार राजु विष्टलाई भारी मतले जिताउन जनसम्पर्क अभियान गर्नुभयो

**प्रधानमंत्री पश्चिम बंगाल**

प्रधानमंत्री तथा भारतीय जनता पार्टीको वरिष्ठ नेता नरेन्द्र मोदीले भन्नुभयो उहाँको सरकारले पश्चिम बंगालमा आदिवासी समुदायको लागी आठ वटा नयाँ स्कूल बनाएको छ। उहाँले भन्नुभयो आज एक आदिवासी महिला भारतकि राष्ट्रपति हुनुहुन्छ। उहाँले सत्तारूढ़ तृणमूल कांग्रेस माथी दलितहरु अनि आदिवासी महिलाहरु माथी अत्याचार गरेको आरोप लगाउनुभयो। श्री मोदी आज पश्चिम बंगालमा बालुरघाट लोकसभा क्षेत्रको पार्टी प्रार्थीको समर्थनमा आयोजित विजय संकल्प यात्रालाई सम्बोधित गर्नु भयो। उहाँले आश्वासन दिनुभयो की सत्तामा आए पछि उहाँको सरकारले धैरै भन्दा धैरै सोलर पैनल लगाउने छ जसबाट बिजुलीको बिलको समस्या समाप्त हुनेछ। उहाँले गरीबहरुको लागी तीन करोड नयाँ घर बनाउने वाचा गर्नुभयो। प्रधानमंत्रीले भन्नुभयो उहाँको सरकारले जूट उत्पादक किसानहरुमा लाभ पुर्याएको छ साथै जूट मिलहरु अनि जूट श्रमिहरुको हितमा विभिन्न निर्णय लिएको छ। उहाँले भन्नु भयो **पीएम विश्वकर्मा योजना** 18 प्रकारको पारंपरिक व्यवसायहरुको हितका लागी शुरू गरिएको हो। उहाँले अझ भन्नुभयो उहाँको सरकारले यसका लागी 13 हजार करोड़ रुपयाँ खर्च गरेको छ।

****** ० ******

**प्रधानमन्त्री नरेन्द्र मोदी – बालुरघाट**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज बालुरघाटमा आयोजित जनसभालाई सम्बोधन गर्ने क्रममा सत्तारुढ दल तृणमूल कङ्ग्रेसमाथि कडा प्रहार गअर्नुभाएको छ । उहाले भन्नु भयो ए श्हरेक वर्ष जस्तै यस वर्ष पनि ममता बनर्जी सरकारले हिन्दूहरुको पर्व रामनवमीलाई रोक्ने प्रयास गरेको छ । प्रधानमन्त्री मोदीले भन्नु भयो ए श्अदालतबाट अनुमति प्राप्त भएको छ अनि भोलि राम नवमीको शोभा यात्रा पूरा श्रद्धा अनि भक्ति को साथमा निकालिने छ। उहाले टी.एम.सी.ले बङ्गाललाई अवैध घुसपैठिहरूलाई भाडामा दिएको आरोप लगाउनु भयो । अयोध्याको भव्य मन्दिरमा रामलला विराजमान भएको यो पहिलो रामनवमी भएको प्रधानमन्त्री मोदीले बताउनु भयो । उहाले अझै भन्नु भयो तृणमूलले सधैंझैं यहाँ रामनवमी उत्सव रोक्न सक्दो प्रयास गऱ्यो तर सत्यको जीत भयो।प्रधानमन्त्री मोदीले मनरेगाका लागि पैसा तृणमूलले रोकेको र भाजपाले बङ्गालको विकासका लागि सक्दो प्रयास गरेको आरोप लगाउनु भयो । तपाईंहरु सबैको सपना पूरा गर्ने मोदीको संकल्प हो र तपाईहरुको सपना पूरा गर्ने काम मोदीको हो ।

****** ० ******

**मुख्यमंत्री पदयात्रा**

केहि वर्ष अघि पश्चिम बंगालकी मुख्यमंत्री ममता बनर्जीले नागरिकता संशोधन कानून (सीएए)को विरोधमा सिलीगुड़ीको सडकहरुमा पदयात्रा गर्नुभएको थियो। लामो समय पछि मुख्यमंत्रीले आज फेरी एकपल्ट सिलगढीमा पदयात्रा गर्नु भयो। मुख्यमंत्रीले दार्जिलिंग लोकसभा क्षेत्रको तृणमूल प्रार्थी गोपाल लामाको समर्थनमा यो पदयात्रा गर्नु भएको हो। यस अवधि मुख्यमंत्रीले एयरव्यू मोड़बाट आफ्नु पदयात्रा शुरू गरेर सेवक मोड़ए हाशमी चौकए हॉस्पिटल मोड़ए कोर्ट मोड़ हुदै सिलीगुड़ी नगर निगमको छेउ बाघाजतिन पार्कमा पुगेर समाप्त गर्नुभयो। पदयात्रामा सिलीगुड़ीको मेयर गौतम देव साथै सैकड़ों संख्यामा समर्थक अनि कार्यकर्ता शामिल भएका थिए। पदयात्रामा विभिन्न समुदायका मानिसहरु आफ्नु जातीय वेशभूषामा शामिल भएका थिए। मुख्यमंत्रीको पदयात्रा अवधि सड़कको दुवै छेउमा धेरै संख्यामा मानिसहरु एकत्रित भएका थिए।

****** ० ******

**पश्चिम बंगाल अभिषेक बनर्ज**

भारतीय जनता पार्टी (भाजपा) सत्तामा आएमा पश्चिम बङ्गालका जनताले आफ्नो इच्छा अनुसार खान नपाउने तृणमूल कङ्ग्रेस नेता अभिषेक बनर्जीले बताएका छन् । आज बेहरमा एक जनसभालाई सम्बोधन गर्दै उनले भाजपाले लक्ष्मी भण्डार योजना रोक्ने बताए। यस योजना अन्तर्गत राज्यमा सामान्य वर्गका महिलाहरूलाई एक हजार रुपैयाँ र एससी/एसटी महिलाहरूलाई एक हजार दुई सय रुपैयाँ दिइन्छ। अभिषेकले भाजपाले पश्चिम बङ्गालका जनतालाई धोका दिइरहेको आरोप लगाएका छन् । उनले भनेए श्तृणमूल कांग्रेस सत्तामा आएपछि एलपीजीको मूल्य घट्नेछ । श्भाजपालाई पश्चिम बङ्गालको संस्कृति थाहा छैन।

****** ० ******

**श्रीरामपुर लोकसभा सिट**

श्रीरामपुर लोकसभा केन्द्रबाट भारतीय जनता पार्टी (भाजपा) उम्मेद्वार कबीर शंकर बोसले हिज साँझ उत्तरपाड़ामा चुनाउ प्रचार गर्दै भाजपाको पक्षमा मतदान गर्ने अपील गर्नुभयो।यस अवधि गौरी सिनेमा नजिक आयोजित एक सभालाई सम्बोधन गर्दै श्री बोसले फेरि प्रश्न गर्नुभयो कीए श्रीरमापुरबाट तीनपटक सांसद भइसकेका कल्याण ब्यनर्जीको मात्र कल्याण किन हुन्छए श्रीरामपुरका मानिसहरूको कल्याण किन हुँदैनघ श्री बोसले मोदी सरकारका उपलब्धिहरू बताउनुहुदैए देशको विकासलाई जारी राख्न फेरि पनि श्री मोदीलाई जिताउनु पर्ने बताउनुभयो। उहाँले मोदीको प्रतिनिधित्वमा विकसित तथा शेरा श्रीरामपुर बनाउनको लागि हरसम्भव प्रयास गर्नेछु भनि बताउनुभयो। भाजपा उम्मेद्वार श्री बोस लाई सुन्नका लागि स्थानीय मानिसहरूको ठूलो संख्यामा उपस्थित भएका थिए।

****** ० ******

**अयोध्या रामनवमी**

अयोध्यामा ५०० वर्ष पछि भोली भव्य रूपनामा नवनिर्मित श्री राम जन्मभूमि मन्दिरमा श्री रामको जन्मोत्सव पालन गरिनेछ। यस अघि श्री रामललाको जन्म जयन्ती टेन्टमा सानो रूपमा पालन गरिन्थ्यो। भोली अयोध्यामा लाखौं भक्तहरू श्री रामललाको दर्शन पूजन अनि श्री राम जन्मोत्सवमा सामेल हुने संभावना श्री राम जन्मभूमि तीर्थ क्षेत्र न्यासले बताएको छ। भक्तहरूले सहज सरल प्रकारले श्री रामललाको दर्शन गर्न सकून भन्ने उद्देश्यले आगामी तीन दिन सम्मा लागि सबै प्रकारको भी.आइ.पी पास वा भी.आई.पी दर्शनलाई निरस्त गरिएको छ। सबै व्याक्तिहरू सामान्य लाईनमा लागेर नै दर्शन गर्नु पर्ने अयोध्यामा बढ़ी संख्यामा श्रदाजुलहरू आउने संभावना रहेकोले तीर्थ क्षेत्र न्यासले देशभरीका जनतासित १८ अप्रेल सम्म अयोध्याको भ्रमणलाई स्थगित राख्ने आवहान गरेको छ। यसैबीच भव्य मन्दिरमा दिउँसो १२ बजेर १६ मिनटमा दिव्य सूय तिलक हुनेछ। श्री रामललाको यो सूर्य तिलक वैज्ञानिक ढ़ंगमा हुनेछ।

****** ० ******

## रामनवमी शोभायात्रा

रामनवमीको शुभअवसरमा भोली दार्जीलिङ्पाहाड़, तराई , समतल र डुर्वसका विभिन्न स्थानहरूमा भव्य रूपामा शोभाायात्राहरू अनि पूाजा अर्चना गरिनेछ। दार्जीलिङ्मा बजार स्थित ठकूरबाड़ी देखि चौरस्ता हुन्दै महाकल मन्दिर सम्म गाज-बाज र झाँकीहरूका साथ भव्य शोभायात्रा निकालिनेछ तथा महकाल ड़ाँड़ामा प्रसाद भण्डाराका साथ शोभायात्रा सम्पन्न हुने छ। श्री रामनवमी उत्सव समितिद्वारा आयेजित यस शोभायाामा हजारौंको संख्यामा श्रदालुहरू सामेल हुने बताईएको छ। यसरीनै खरसांगमा रेलवे स्टेशन देखि भव्य शोभायात्रा निकालिने छ तथा बजारको परिक्रमा गर्दै नयाँ बजार जगदीश मन्दिरमा सम्पन्न हुनेछ। विभिन्न संघ संस्थाहरू झाँकीका साथ भक्ति भजन गर्दै शोभायात्रामा ससहभागिता गर्ने श्री राम नवमी जन्मोत्सव समितिले बताएको छ। कालेबुङमा पनि भव्य शोभायात्रा निकालिने जानकारी आयोजक समितिले दित्रएको छ। बिजनबारी, मिरिक र अन्य स-साना शहरहरूमा पनि शोभायत्रा र पूाजा अर्चना गरिनेछ। पहाड़का प्रायः मन्दिरहरूमा तथा धार्मिक संघ-संस्थाहरूद्वारा विभिन्न ठाउँमा रामनवमी उत्सव झाँकी र शोभा यात्राहरूका साथ पालन गरिने समाचार प्राप्त भएको छ।

****** ० ******

## सिलगड़ी रामनवमी

सिलगड़ीमा विश्वहिन्दु परिषदले विभिन्न धार्मिक संस्थानहरूको सहयोगमा भव्य रूपामा श्री राम जन्मोत्सव पालन गर्ने जानकारी दिएको छ। यस अवसरमा प्रमंख मार्गहरूमा भव्य शोभायात्रा निकालिने छ। सिलगड़ीका विभिन्न इलाकाहरूमा गाज- बाजाका साथ रामनवमी जुलुसहरू निकालिने छ। जयगाँव , जलपाईगुड़ी , कूचबिहार र अलिपुरद्वार जिल्लाका विभिन्न स्थानहरूमा पनि रामनवमीको शोभायात्रा निकालिने जानकारी प्राप्त भएको छ। शान्तिपूर्ण र निर्वाध रूपमा शोभायशत्रा संचालनका लागि प्रशासनले प्रर्याप्त व्यवस्था मिलाएको छ। कुनै अप्रिय घटना नहोस यसका लागि विशेष सावधानीहरू अपनाईएका छन्।

****** ० ******

## एयुपीएससी

संघ लोक सेवा आग्रोग (यूपीएससी) ले आज सिविल सेवा परीक्षा वर्ष २०२३ को अन्तिम परिणाम घोषित गरेको छ। यस वर्ष आदित्य श्रीवास्तवले टप गरेका छन्। अनिमेष प्रधान दोस्रो र डोनुरू अनन्या रेड्डी परीक्षामा तेस्रो स्थानमा छन्। पीके सिद्धार्थ रामकुमार चौथो र रूहानी पाँचौं स्थानमा छन्। यूपीएससीले नियुक्तिको निम्ति कूल १०१६ उम्मेदवारहरूको सिफारिश गरेको छ। जसमा ३४७ जनरल श्रेणीका उम्मेदवारए ११५ ईडब्ल्यूएस मैंए श्रेणीका उम्मेदवारए ३०३ अन्य पछौटे बर्ग ए १६५ अनुसूचित जति र ८६ अनुसूचित जनजातिका उम्मेदवारहरूलाई नामांकित गरिएको छ। यूपीएससीद्वारा परीक्षा उत्तीर्ण गर्ने उम्मेदवारहरूको क्रम संख्या जारी गरिएको छ। यसैबीच दार्जीलिंग निवासी जयश्री प्रधान न्ध्ध्ै परीक्षामा ५२ औ स्थानमा उतीर्ण भएका छन् द्य त्यसरी नै बागडोगराका गौतम ठकुरी अनि दार्जीलिंगका अजय मोक्तानले क्रमैले ३९१ अनि ४९४ औ स्थानमा उतीर्ण गरेका छन् ।

****** ० ******

## मन घिसिङ जनसम्पर्क अभियान

गोरामुमो अध्यक्ष मन घिसिङले सोनादामा भाजपा उमेद्वार राजु विष्टलाई भारी मतले जिताउन जनसम्पर्क अभियान गर्नुभयो। सोनादा पेट्रोल पम्पदेखि सोनादा बजार परिक्रमा गरि अप्पर सोनादा डाँडा ए डीबी रोड ए स्वरस्वती डाँडाए गोराबारी ए मार्ग्रेटहोप ए रिङटङए अनि बालासनमा अध्यक्ष मन घिसिङलाई मानिसहरुले स्वागत गरे। आजको जनसम्पर्क अभियान विषय लिएर खरसाङ ब्राञ्च कमिटी प्रचार प्रसार सचिव भुपेन्द्र गुरुङले जानकारी दिदै अध्यक्ष मन घिसिङको जनसम्पर्क अभियानले सोनादावासीमा धेरै उत्साह आएको बताउनु भयो|

****** ० ******

## नक्कली वायुसेना

मतिगढ़ा पुलिसले नक्कली वायुसेना अधिकारीलाई पक्राउ गरेको छ । आरोपी मूल रुपमा रायगञ्जको बासिन्दा रहेको बताइएको छ ।पुलिस सुत्र अनुसार आरोपी सोमबार राति सिटी सेन्टरमा वायुसेनाको पोशाकमा घुमिरहेको समय वायुसेनाका केही अधिकारीहरूलाई आरोपीको व्यवहार र बोल्ने शैलीमा शंका उत्पन्न भएको थियो, यस पछि अधिकारीहरूले मतिगढ़ा पुलिस थानालाई खबर गरेका थिए । सूचना पाए पछि पुलिस घटनास्थलमा पुगेर आरोपीलाई सोधपुछ सोधपुछका क्रममा नक्कली वायुसेना अधिकृत रहेको थाहा लागेको छ ।

****** ० ******

## डायमन्ड हार्बर – भाजपा

भारतीय जनता पार्टीले अन्ततः डायमन्ड हार्बरमा तृणमूल कङ्ग्रेसका महासचिव अभिषेक बनर्जी विरुद्ध उम्मेदवार खडा गरेको छ। भाजपाका अभिजित दास उर्फ बबी ले अभिषेक विरुद्ध लोकसभा चुनाव लड्ने भएका छन् । यो सँगै भाजपाले आगामी लोकसभा चुनावका लागि ४२ औं र अन्तिम उम्मेदवारको नाम घोषणा गरेको छ ।

****** ० ******

## उर्गेन तामाङ रसिया

कालेबुङ नगरपालिका वार्ड नम्बर -१६ अन्तर्गत छिबो निवासी उर्गेन तामाङलाई रसियाबाट आफ्नो घर कालेबुङ फर्काएर ल्याउन कालेबुङ नगर प्रशासक रवि प्रधान लागि परेका छन्। रसियाबाट उर्गेन तामाङले राति भिडियो कल गरेर रूँदै जसरी भए पनि घर फर्काउने काम गरिदिन परिवार पक्षलाई गुहार मागेको जानकारी पाउन साथ प्रधान उर्गेन तामाङको घर पुगेका थिए। प्रधानले आफूहरू उर्गेन तामाङलाई रसियाबाट उद्धार गरेर कालेबुङ फर्काई ल्याउन लागि परेको जानकारी गराउँदै परिवार पक्षलाई सान्तवना दिए। स्मरण गराइन्छए उर्गेन तामाङ भारतीय भूतपूर्व सैनिक हुन्। भारतीय सेनाबाट अवकाश प्राप्त गरेपछि उनी रसिया काम गर्न गएका थिए। यसै क्रम तिनी रूसी सेनामा भर्ना भएका थिए। उनी हाल रसियाको अग्रिम पङ्क्तिको सैनिकको रूपमा युद्ध लड्न बाध्य छन्। यसैले बारम्बार रूँदै घर फर्काई दिनु भन्दै गुहार मागिरहेका छन्।

****** ० ******